मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ८:०० बजे
स्ट नं. १ : पुन्दीकोट, शान्ति स्तुपा, डेभिज़फल, फेवाताल,
विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
स्ट नं. २ : बेगनास ताल, रूपा ताल, इन्टरनेशनल
माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागदुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ माघ ७ गते बुधबार ❑ 21 Jan. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## कास्कीमा ६ स्वतन्त्रसहित ४९ जनाको उम्मेदवारी दर्ता

**पोखरापत्र संवाददाता**
पोखरा, ६ माघ

कास्की जिल्लाका तीनवटै प्रतिनिधिसभा निर्वाचन क्षेत्रबाट स्वतन्त्रसहित ४९ जनाले उम्मेदवारी दर्ता गराएका छन्।

जिल्ला निर्वाचन अधिकृतको कार्यालयका अनुसार ४३ जना विभिन्न राजनीतिक दलका उम्मेदवार रहेका छन् भने ६ जनाले स्वतन्त्र रूपमा उम्मेदवारी दिएका हुन् । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि तोकिएको मनोनयन अवधिमा कास्की-१ मा १७ जना, कास्की-२ मा १७ जना र कास्की-३ मा १५ जनाले उम्मेदवारी दर्ता गराएका छन्। समग्रमा हेर्दा कास्कीका तीनै क्षेत्रमा पुरुष उम्मेदवारको दबदबा देखिएको छ भने महिला सहभागिता अत्यन्त न्यून रहेको छ। चिन्ताजनक पक्ष के छ भने, मुख्य प्रतिस्पर्धी मानिएका नेपाली कांग्रेस, नेकपा एमाले र नेकपाले कुनै पनि क्षेत्रमा महिला उम्मेदवार अघि सारेका छैनन्। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाहेक अन्य ठूला दलले महिलालाई प्रत्यक्ष चुनावी मैदानमा स्थान नदिएको देखिएको छ।

कास्की-१ : १७ उम्मेदवार, एक महिला र एक स्वतन्त्र

कास्की निर्वाचन क्षेत्र नम्बर-१ मा १५ राजनीतिक दल र एक जना स्वतन्त्र गरी १७ जनाले उम्मेदवारी दर्ता गरेका छन्। यहाँ १६ पुरुष र एक मात्र महिला उम्मेदवार रहेका छन्। यस क्षेत्रमा नेपाली कांग्रेसबाट तीलक रानाभाट, नेकपा एमालेबाट बैनबहादुर अधिकारी क्षेत्री, नेकपाबाट राजकाजी गुरुङ (करण) र राष्ट्रिय स्वतन्त्र पार्टीबाट खड्कराज पौडेल (गनेस) मुख्य प्रतिस्पर्धीका रूपमा मैदानमा उत्रिएका छन्। उज्यालो नेपाल पार्टीबाट मनिषा द्वा एक्ली महिला उम्मेदवार हुनुहुन्छ भने कृष्णबहादुर राउतले स्वतन्त्र उम्मेदवारका रूपमा मनोनयन दर्ता गराउनु भएको छ। २०७९ सालको निर्वाचनमा यस क्षेत्रबाट एमालेका मनबहादुर गुरुङ निर्वाचित हुनु भएको थियो।

कास्की-२ : १७ उम्मेदवार, ५ स्वतन्त्र

कास्की-२ मा १२ वटा राजनीतिक दलका उम्मेदवार र ५ जना स्वतन्त्र गरी १७ जनाले उम्मेदवारी दर्ता गराएका छन्। यहाँ १६ पुरुष र १ महिला उम्मेदवार रहेका छन् । नेपाली कांग्रेसका माधवप्रसाद बास्तोला, नेकपा एमालेका रश्मी आचार्य, नेकपाका हेमबहादुर थापा (आमोद) र राष्ट्रिय स्वतन्त्र पार्टीका उत्तम पौडेल बीच मुख्य प्रतिस्पर्धा हुने आकलन गरिएको छ। उज्यालो नेपाल पार्टीबाट कुशल गुरुङ र राप्रपाबाट हेमजंग गुरुङसहित अन्य दलका उम्मेदवार पनि चुनावी मैदानमा छन्।

यस क्षेत्रमा विष्णुप्रसाद तिवारी, डा. निरञ्जन कोइराला, निर्दोषविक्रम पौडेल, रामचन्द्र आचार्य र वसन्तराज घिमिरे गरी ५ जनाले स्वतन्त्र उम्मेदवारी दिनुभएको छ। २०६४ सालदेखि निरन्तर एमालेले जित्दै आएको यस क्षेत्रलाई एमालेको गढका रूपमा लिइन्छ। कास्की २ मा अघिल्लो बर्ष एमालेकी बिद्या भट्टराई निर्वाचित हुनु भएको थियो।

कास्की-३ : १५ उम्मेदवार, स्वतन्त्र शून्य

कास्की निर्वाचन क्षेत्र नम्बर-३ मा १५ जनाले उम्मेदवारी दर्ता गरेका छन् । यहाँ स्वतन्त्र उम्मेदवार छैनन् भने सबै उम्मेदवार विभिन्न राजनीतिक दलका हुन्। १२ पुरुष र ३ महिला उम्मेदवार रहेका छन्। यस क्षेत्रमा नेपाली कांग्रेसका मनोज गुरुङ, नेकपा एमालेका दामोदर पौडेल (बैरागी), नेकपाका गोपाल गिरी र राष्ट्रिय स्वतन्त्र पार्टीकी बिना गुरुङबीच मुख्य प्रतिस्पर्धा हुने अनुमान गरिएको छ। परम्परागत रूपमा एमाले बलियो मानिने यस क्षेत्रमा अघिल्लो निर्वाचनमा बैरागी निर्वाचित भएका थिए । यसपटक राप्रपाबाट युवा पर्यटन उद्यमी अर्जुनप्रसाद खनालको उम्मेदवारीले पनि चासो थपिएको छ। बैरागी यस अघि निर्वाचित भएका थिए।

## कांग्रेसको आधिकारिता विवादमा अन्तरिम आदेश दिन अस्वीकार

**रासस**
काठमाडौं, ६ माघ

सर्वोच्च अदालतलले विशेष महाधिवेशनबाट नेपाली कांग्रेसका सभापति गगन थापा नेतृत्वलाई आधिकारिकता दिने निर्वाचन आयोगको निर्णयविरुद्धको रिट निवदेनमा अन्तरिम आदेश दिन अस्वीकार गरेको छ।

न्यायाधीश सुनिलकुमार पोखरेलको एकल इजलासले मंगलबार सभापति थापाविरुद्ध शेरबहादुर देउवा नेतृत्वमा रहेको समूहले दायर गरिएको रिट निवेदनमाथि मंगलबार सुनुवाइ गर्दै अन्तरिम आदेश दिन अस्वीकार गरेको हो। आदेशमा भनिएको छ, "यस अदालतले आफ्नो असाधारण अधिकार क्षेत्रको प्रयोगमार्फत के कुन हदसम्म हस्तक्षेप गर्न मिल्ने हो ? भन्नेजस्ता जटिल राजनीति सम्बद्ध संवैधानिक प्रश्नहरूको निरूपण प्रस्तुत रिट निवेदनको अन्तिम सुनुवाइ हुँदाका बखत सम्बोधन हुने प्रकृतिको देखिँदा हाल मागबमोजिसको अन्तरिम आदेश जारी गर्नु परेन।" अदालतले उक्त विवादको रिट निवेदनमा विषयमा अदालतले रिट निवेदनमा जटिल एवं गम्भीर कानुनी तथा संवैधानिक प्रश्नहरू उठाइएको पाइँदा यी प्रश्नहरूको छिटो निरोपण हुन आवश्यक देखिँदा विपक्षीहरूको लिखित जवाफ परेको वा अवधि व्यतित भएको मितिले १५ दिनभित्र प्रस्तुत निवेदनलाई अन्तिम सुनुवाइका लागि अग्राधिकार प्रदान गरेको छ। नेपाली कांग्रेस देउवा नेतृत्वको केन्द्रीय कार्यसमिति बैठकले थापा नेतृत्वलाई आधिकारिकता दिने निर्वाचन आयोगको निर्णयविरुद्ध राजनीतिक र कानुनी रूपमा प्रतिवाद गर्ने भन्दै सर्वोच्च अदालतमा जाने निर्णय गरेको गरेको थियो। रिट निवेदनमा कांग्रेस नेता देउवा र पूर्णबहादुर खड्काको वारेसले श्रवणकुमार श्रेष्ठले दायर गर्नुभएको रिट निवेदनमा निर्वाचन आयोगको निर्णय बदर, यही माघ ६ गतेको निर्वाचनको उम्मेदवारी रोकी पाऊँ र नयाँ निर्वाचित कार्यसमिति अवैधानिक भएको भन्दै भङ्ग गर्न माग गरिएको थियो।

## लामिछानेविरुद्धको मुद्दामा निर्णयको सक्कलप्रति झिकाउन आदेश

**रासस**
काठमाडौं, ६ माघ

सर्वोच्च अदालतले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेको सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दामा संशोधनविरुद्धको मुद्दामा महान्यायाधिवक्ता कार्यालयले गरेको निर्णयको सक्कलप्रति झिकाउन आदेश गरेको छ।

न्यायाधीश अब्दुर अजीज मुसलमानको एकल इजलासले मंगलबार लामिछानेमाथि लागेको सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराध कसुरको मुद्दा महान्यायाधिवक्ता कार्यालयले संशोधन गरेको गत पुस ३० गतेको निर्णयको सक्कलप्रति झिकाउने आदेश गरेको हो । आदेशमा भनिएको छ, "महान्यायाधिवक्ताले मिति २०८२/०९/३० मा गरेको निर्णयसहितको सक्कल फाइल, जिल्ला सरकारी वकिल कार्यालयहरूबाट विभिन्न अभियोगको सम्बन्धमा रवि लामिछानेसमेत उपर दायर भएको मुद्दाहरूमा अभियोग पत्र संशोधन हुने कारण देखिने कुनै थप प्रमाणहरू पेस भएको भए सो प्रमाणसमेतको सक्कलप्रति महान्यायाधिवक्ता कार्यालयमार्फत छलफल पेसीका दिन देखाइ फिर्ता लैजाने गरी झिकाइ सुनुवाइमा अग्राधिकारसहित प्राथमिकता दिई नियमानुसार पेस गर्नु।" आदेशमा महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारसम्बन्धी प्रश्न, सरकारी वकिलले सरकारी मुद्दा दायर गर्ने र फिर्ता लिन सक्ने प्रक्रिया तथा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ३६ मा उल्लेखित अभियोगपत्र संशोधनसम्बन्धी कानुनी व्यवस्थाको दायरा एवं त्यसको सीमालगायत संवैधानिक एवं कानुनी प्रश्नहरूको निरूपणको साथै मुद्दाको प्रकृतिसमेत हेर्दा दुवै पक्षको जिकिर सुनी मागबमोजिम अन्तरिम आदेश जारी हुने वा नहुने निष्कर्षमा पुग्न मनासिब, न्यायोचित र आवश्यक देखिँदा यही माघ ८ गतेलाई छलफलका लागि बोलाएको छ । "यसमा के कसो भएको हो ? निवेदकको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## प्रतिनिधिसभा सदस्य निर्वाचन २९२५ को उम्मेदवारी दर्ता

**रासस**
काठमाडौं, ६ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रत्यक्षतर्फ देशभरका १६५ वटै निर्वाचन क्षेत्रमा बेलुकी ६:०० बजेसम्म दुई हजार ९२५ उम्मेदवारले उम्मेदवारी दर्ता गराएका छन्।

उम्मेदवारी दर्ता भएपछि मंगलबार बेलुकी निर्वाचन आयोगले आयोजना गरेको पत्रकार सम्मेलनमा सचिव कृष्णबहादुर राउतले ३३६ महिला र दुई हजार ५८९ महिलाले उम्मेदवारी दर्ता गराएको आयोगको प्रणालीमा आएको जानकारी गराउनुभयो । अझै कतिपय निर्वाचन क्षेत्रमा रुजुको काम भइरहेकाले यसमा केही बढ्न सक्ने उहाँले बताउनुभयो। कम दर्ता भएको मसस्ताङमा चार वटा मात्र उम्मेदवारी दर्ता भएको छ। यसैगरी मनाङमा पाँच जनाको उम्मेदवारी दर्ता भएको जानकारी पनि सचिव राउतले दिनुभयो । यी दुवै जिल्लाका उम्मेदवारीको रुजु भइसकेको जनाइएको छ। सबैभन्दा बढी उम्मेदवारी दर्ता भएको रूपन्देही निर्वाचन क्षेत्र नं २ र ३ मा ३५/३५ उम्मेदवारी दर्ता भएको छ । रूपन्देही निर्वाचन क्षेत्र नं २ को रुजु भइसकेको छ भने ३ नं क्षेत्रको बाँकी छ। सामान्यतया शान्तिपूर्ण रूपमै उम्मेदवारी दर्ताका काम भएको निर्वाचन अधिकृतको कार्यालयहरूबाट जानकारी आएको जनाइएको छ। आज बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म उम्मेदवारले मनोनयनपत्र दर्ता गर्ने कार्यक्रम रहेको थियो। उम्मेदवारी दर्ताका लागि नागरिकता वा मतदाता परिचयपत्रसहित १३ प्रकारका कागजात साथमा लिएर आउन आयोगले आह्वान गरेको थियो। आज बेलुकी ५ बजेदेखि ७ बजेसम्म उम्मेदवारको सूची प्रकाशन हुने कार्यक्रम रहेको पनि आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराई बताउनुभयो।

माघ ७ गते बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म मनोनयन पत्र दर्ता भएको उम्मेदवारको विरोधमा उजुरी दिने अवधि निर्धारण गरिएको छ । माघ ७ गते दिउँसो ३ बजेदेखि माघ ८ गते बेलुका ५ बजेसम्म मनोनयनपत्र र उजुरीउपर जाँचबुझ एवं निर्णय गरी त्यसै दिन बेलुकी ५ बजेदेखि ७ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन गरिने छ। माघ ९ गते बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने समय तोकिएको छ।

माघ ९ गते दिउँसो १ बजेदेखि ३ बजेसम्ममा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी त्यसै दिन दिउँसो ४ बजेदेखि साँझ ७ बजेसम्ममा उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने कार्यक्रम रहेको पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो।

## ट्र्याक्टर दुर्घटनामा दुई जनाको मृत्यु, चार घाइते

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ६ माघ

स्याङ्जामा मंगलबार दिउँसो ट्र्याक्टर दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ।

वालिङ-चापाकोट पक्की सडकखण्डअन्तर्गत वालिङ-७ धोडेपानीमा लु३त ५१७३ नम्बरको ट्र्याक्टर दुर्घटना हुँदा वालिङ-७ केवरेका ६५ वर्षीय डोलराज कोइराला र कैलालीको टीकापुर-७ का ३५ वर्षीय राजकुमार चौधरीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी प्रसन्नराज चौधरीले जानकारी दिनुभयो । ट्र्याक्टर दुर्घटनामा परी घाइते भएका सबैलाई वालिङस्थित गह्रौं प्राथमिक अस्पताल पठाइएकोमा चिकित्सकले अपराह्न ४:०० बजे मृत घोषणा गरेका थिए।

ट्र्याक्टर दुर्घटनामा परी घाइते हुनेमा ट्र्याक्टर चालक पश्चिम नवलपरासी सरल गाउँपालिका-१ अनन्दनगर बस्ने २८ वर्षीय लालबहादुर सुनार, कैलालीको लम्की नगरपालिका-५ पाँचचौर बस्ने २२ वर्षीय श्याम चौधरी, लम्की नगरपालिकाकै ३९ वर्षीय लक्ष्मण चौधरी र दाङको राप्ती गाउँपालिका-५ बस्ने ३५ वर्षीय हुकुमबहादुर दर्लामी घाइते भएका सूचना अधिकारी चौधरीले जानकारी दिनुभयो । घाइते भएका चार जनालाई थप उपचारका लागि पोखरा पठाइएको छ।

वालिङबाट ढुङ्गा लिएर चापाकोटतर्फ जाँदै गरेको उक्त ट्र्याक्टर अनियन्त्रित भई सडकबाट झण्डै १० मिटर तल खोल्सामा खसेको हो।



# स्याङ्जामा ६ स्वतन्त्र सहित १२ दलको उमेदवारी

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ६ माघ

फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्यका लागि स्याङ् जाबाट ६ स्वतन्त्र सहित १२ राजनीतिकदलले उमेदवारी दर्ता गराएका छन् ।

६ स्वतन्त्र उमेदवार सहित १२ राजनीतिकदललका २२ जना उमेदवार चुनावी मैदानमा उत्रेका हुन् । दुई क्षेत्र रहेको स्याङ्जामा फागुन २१ गते हुने निर्वाचनका लागि २८ जना उमेदवारहरु चुनावी प्रतिस्पर्धामा रहेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । स्याङ्जा क्षेत्र नम्वर १ बाट १३ जनाले मनोनयन दर्ता गरेका छन् भने क्षेत्र नम्वर २ बाट १५ जनाले मनोनयन दर्ता गरेका छन् ।

क्षेत्र नम्वर १ मा २ जना स्वतन्त्र उमेदवार र क्षेत्र नम्वर २ मा ४ जना स्वतन्त्र उमेदवारका रुपमा चुनावी प्रतिस्पर्धामा उत्रेका छन् । यो पटकको निर्वाचनमा भर्खरै स्थापना भएको उज्यालो

पार्टी र श्रम संस्कृति पार्टीले समेत उमेदवारी दर्ता गराएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालय स्याङ्जाले दिएको जानकारी अनुसार क्षेत्र नम्वर १ बाट नेपाली कम्युनिष्ट पार्टीबाट शैलेन्द्र घिमिरे, राष्ट्रिय स्वतन्त्र पार्टीबाट डा. धनन्जय रेग्मी, नेशनल रिपब्लिक नेपाल पार्टीबाट अर्जुनकुमार गुरुङ, नेकपा एमालेबाट मिनप्रसाद गुरुङ, मंगोल नेशनल अर्गानाइजेसनबाट यामबहादुर गुरुङ, नेपाली काँग्रेसबाट भरतराज ढकाल, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट हुकुम बहादुर राना, स्वतन्त्रबाट अशोक बिष्ट र मनोज नेपाली दर्जी, उज्यालो नेपाल पार्टीबाट रविन्द्र मल्ल, नेकपा माओवादीबाट सोमबहादुर परियार, प्रगतिशिल लोकतान्त्रिक पार्टीबाट रनबहादुर विक, श्रम संस्कृति पार्टीबाट पिरन गुरुङले मनोनयन दर्ता गरेका छन् । त्यसैगरी स्याङ्जा क्षेत्र नं. २ मा राष्ट्रिय जनमुक्ति पार्टीबाट हरिदेव थापा, नेपाली कम्युनिष्ट पार्टीबाट पदमबहादुर विक, स्वतन्त्र उमेदवार दिलिप श्रेष्ठ, स्वतन्त्र उमेदवार खिमबहादुर क्षेत्री, नेपाली काँग्रेसबाट भागवत प्रकाश मल्ल, स्वतन्त्र उमेदवार घनश्याम पाण्डे, जय मातृभुमि पार्टीबाट धनबहादुर थापा, नेशनल रिपब्लिक नेपाल पार्टीबाट तेजबहादुर थापा, मंगोल नेशनल अर्गानाइजेसबाट खर्कबहादुर थापा, राष्ट्रिय जनमोर्चाबाट राजेन्द्र गैह्रे, राष्ट्रिय प्रजान्तत्र पार्टीबाट रविन पाठक, नेकपा एमालेबाट खिमबहादुर थापा, स्वतन्त्र उमेदवार सागर थापा मगर, राष्ट्रिय स्वतन्त्र पार्टीबाट झविलाल डुम्रे र प्रगतिशिल लोकतान्त्रिक पार्टीबाट टिकाराम रेग्मीले उमेदवारका लागि मनोनयन दर्ता गरेका छन् । बिहान १० बजेबाट मनोनयन शुरु भएर ५ बजे सकिएको थियो । क्षेत्र नम्बर १ का लागि जिल्ला सदरमुकाम पुतलीबजार र क्षेत्र नम्बर २ का लागि वालिडमा मनोनयन दर्ता गर्ने व्यवस्था मिलाइएको थियो । मुलुकका ठुला राजनीतिकदलको तामझामका साथ उमेदवारी दर्ता गर्न आएका थिए भने साना दलका भने सामान्य रुपमाबाट उमेदवारी दर्ता गर्न निर्वाचन कार्यालय आएका थिए ।

# सांग्रिलाले एभरेष्टलाई ३२६ रनले हरायो

**पोखरापत्र संवाददाता**
पोखरा, ६ माघ

कास्की जिल्लास्तरीय एक दिवसीय क्रिकेट प्रतियोगितामा सांग्रिला क्रिकेट क्लबले एभरेष्ट क्रिकेट क्लबलाई ३२६ रनले पराजित गरेको छ ।

कास्की जिल्ला क्रिकेट संघको आयोजनामा पोखरामा जारी प्रतियोगिताको मंगलबार भएको खेलमा सांग्रिलाले एक पक्षिय खेल प्रदर्शन गऱ्यो । ३७७ रनको विशाल विजयी योगफल पाएको एभरेष्ट ५० रनमै अलआउट हुन पुग्यो । समूह बी तर्फको खेलमा सांग्रिलासामु कम्जोर देखिएको एभरेष्ट १८.३ ओभरमा ५० रनमात्रै जोड्यो । धनजु यादवले १३ र सचिन यादवले १० रन बनाए । एभरेष्टका लागि राज परियारले ४.३ ओभरमा १ मेडन राख्दै ६ विकेट लिए । यस्तै सञ्जय नेपालले २ तथा विपिन खत्रीले समान १ विकेट लिए ।

त्यसअघि टस जितेर

ब्याटिङ लागेको सांग्रिला ४७.२ ओभरमा अलआउट हुँदै ३७६ रन बनायो । सिब्रिन श्रेष्ठले शतकीय पारी खेले । उनले ७९ बलमा १२१ रन बनाए । यस्तै सन्जय नेपालले ३५ बलमा ३४ रन बनाए भने रिकेश गुप्ताले ४२ बलमा ३३ रन बनाए । लेकसाइडका लागि सिरजन पौडेलले कुल ६ विकेट लिए । उनले १० ओभरमा १ मेडनसहित ३७ रन खर्चे । नियाज अहमद र युवराज ठाकुरले समान १/१ विकेट लिए । खेलको प्लेयरअफ दी म्याच सिब्रिन श्रेष्ठ घोषित भए । माघ २ देखी सुरु प्रतियोगितामा कुल १० क्लबको सहभागिता रहेको छ ।

प्रतियोगिताको समूह 'ए' मा राइजिङ क्रिकेट क्लब, अमरज्योति क्रिकेट क्लब, सांग्रिला क्रिकेट क्लब, लेकसाइड क्रिकेट क्लब र एभरेष्ट क्रिकेट क्लब रहेका छन् । यस्तै समूह 'बि'मा पोखरा क्रिकेट क्लब, कास्की क्रिकेट क्लब, माछापुच्छे क्रिकेट क्लब, लेखनाथ क्रिकेट क्लब र गण्डकी क्रिकेट क्लब रहेका छन् । प्रतियोगिता १६ गतेसम्म सञ्चालन हुनेछ ।

# १३ दिनसम्म हरेक साँझ लाइभ ब्याण्ड: पृथक स्वादको पोखरा महोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, ६ माघ

युनाईटेड क्लबले अन्य मेला-महोत्सवभन्दा फरक पहिचान बनाउँदै आएको पोखरा महोत्सवको १४ औं संस्करण भव्य र सभ्य रूपमा सञ्चालन भइरहेको छ ।

शिक्षा, स्वास्थ्य, खेलकुद तथा पर्यटन प्रवर्द्धनलाई मुख्य उद्देश्य बनाएर स्थापना कालदेखि नै अमरसिंह खेल मैदानमा महोत्सव आयोजना गर्दै आएको क्लबले यस वर्ष पनि पृथक शैलीलाई निरन्तरता दिएको छ ।

पुष २९ गतेदेखि सुरु भएको पोखरा महोत्सव आठौं दिनसम्म आइपुग्दा दर्शकको उल्लेख्य सहभागिता देखिएको छ । पोखरामा आयोजना हुने अन्य मेला-महोत्सवभन्दा फरक ढंगले सञ्चालन हुने भएकै कारण पोखरा महोत्सवले दर्शकको साथ र माया पाउँदै आएको युनाईटेड क्लबका संस्थापक अध्यक्ष हिमालय बख्रेलले बताए ।

उनका अनुसार पोखरा महोत्सवको मुख्य विशेषता

भनेकै १२ देखि १३ दिनसम्म हरेक साँझ लाइभ ब्याण्डको प्रस्तुती हो । युवाहरूको रुचि र चाहनालाई केन्द्रमा राखेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चर्चित ब्याण्डहरूको लाइभ प्रस्तुती दिइने भएकाले पोखरा महोत्सव पृथक बनेको बख्रेलको भनाइ छ । लाइभ ब्याण्ड प्रस्तुती खर्चिलो भए पनि सुरुवाती समयदेखि नै हरेक संस्करणमा निरन्तरता दिँदै आएको र दर्शकको भरपूर साथकै कारण महोत्सव १४ औं संस्करणसम्म आइपुगेको उनले बताए । महोत्सवमा यसअघि लाहुरे, डीमर्चा, लेकाली, अनुप्रस्थ लगायतका चर्चित ब्याण्डले प्रस्तुती दिइसकेका छन् । सरला पाण्डे, प्रशान्त तामाङ, पूजा तामाङलगायत कलाकार हरूको प्रस्तुतीले दर्शकलाई रमाइलो बनायो । साँझको लाइभ ब्याण्डतर्फ एवाईजीको प्रस्तुतीमा युवाहरू झुमेका थिए । महोत्सवको नवौं दिन लोकदोहोरीतर्फ शान्तारानी परियार, पार्वती जिसी, चोलेन्द्र पौडेल, रामचन्द्र पौडेल (आरसी), मधु थापा मगर, कृष्ण भट्टराई, आरोही रुचाललगायत कलाकारहरूको प्रस्तुती रहनेछ । साथै जादुगर दीपक थापा मगरको जादु कला र साँझको लाइभ ब्याण्डतर्फ रकहेड्सको प्रस्तुती रहने महोत्सवका प्रचार-प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए ।

महोत्सवमा आयोजित विद्यालय स्तरीय लोक नृत्य प्रतियोगितामा मंगलबार डायमण्ड सेकेण्डरी स्कुल, सूर्योदय स्कुल र ज्ञानुबाबा स्कुलको प्रस्तुती रहेको थियोभने बुधबार कास्की मोडनाइज्ड, सोसल पब्लिक स्कुल, अमरसिंह मावि (ई) र डियरवक स्कुलको प्रस्तुती रहने छ ।

# सिताघाट वाटो निर्माणमा ढुङ्गेसाँघु आमा समुहको सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ६ माघ

ढुङ्गेसाँघु सितापाईला आमा समुह पोखरा १७ महतगौडाले सिताघाट व्यवस्थापनका लागि आर्थिक सहयोग गरेको छ ।

जन्मदेखि मृत्यु संस्कारसंग जोडिएको घाट जाने बाटो निर्माणका लागि समुहले ५१ हजार ११५ रुपैया आर्थिक सहयोग गरेको हो । महतगौडाचोकमा आयोजित एक कार्यक्रमका बीच आमा समुहका अध्यक्ष जुना मल्लले सितापाईला घाट व्यवस्थापन उपभोक्ता समितिका अध्यक्ष लोकराज कोइरालालाई नगद रकम हस्तान्त्रण गर्नुभयो । आमा समुहले माघे संक्रान्ति ढुङ्गेसाँघु मेलामा शेलरोटी तरकारी विक्री गरेर आर्जन गरेको रकम र समाजमा हुने विभिन्न शुभकार्यमा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरि संकलित रकम घाट निर्माण जस्तो पुण्य कार्यको लागि सहयोग गरेको अध्यक्ष मल्लले जानकारी दिनुभयो । पोखरा महानगरपालिका वडा नं. १७ को दश लाख आर्थिक सहयोग र स्थानीय स्तरमा संकलन गरिएको नौ लाख गरि कूल १९ लाख रुपैयाको लागतमा घाटसम्म जाने

कच्चि मोटर बाटो निर्माण गरिएको छ । वाटो निर्माण समितिका सचिव विक्रम बाबु भण्डारीका अनुसार सदा शिव हरिहर मन्दिर परिसर हुँदै जाने सो बाटोसगै सुरक्षाका हिसावले एकतर्फि नाला र फलामे रेलिङ्गवार निर्माण गर्न अपरिहार्य भएको हुँदा आवश्यक रकम संकलनका लागि घरदैलो कार्यक्रम समेत सञ्चालन गरिदै आएको छ । सो घाटको संरक्षणका लागि मोटर वाटोको दुवैतर्फ ग्याभिन जालि भर्ने काम भई रहेको बताउँदै उहाँले भन्नुभयो, धार्मिक क्षेत्रको विकास स्थानीयले देखाएको उत्साहले त आँट म पुऱ्याउछु भन्ने युक्ती चरितार्थ भएको छ । सो वाटो निमाणले माघे सक्रान्तिका दिन नदीमा स्नान गर्न जाने श्रदालु भक्तजनलाई प्रत्येक्ष सुविधा पुगेको थियो ।

## लामिछानेविरुद्धका ...

मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने कुनै आधार, कारण भए सबुद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाका म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र विपक्षीहरूका हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत पठाउनु", आदेशमा भनिएको छ, "विपक्षीमध्येका रवि लामिछानेका हकमा आफैं वा आफ्नो कानुनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूको नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नु ।" अध्यक्ष लामिछानेविरुद्ध सहकारी ठगीसँगै सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा दायर भएको थियो ।

# उत्साहजनक रूपमा मनोनयन दाखिला भएकोमा आभार

**रासस**
काठमाडौं, ६ माघ

प्रधानमन्त्री सुशीला कार्कीले निर्धारित समयतालिकाभित्र उत्साहजनक रूपमा मनोनयन दाखिला गराउनुहुने सबै राजनीतिक दल तथा उम्मेदवारहरूमा हार्दिक आभार व्यक्त गर्नुभएको छ ।

मंगलबार सन्देश जारी गर्दै आगामी फागुन २१ गते सम्पन्न हुने निर्वाचनका लागि आज अर्को महत्त्वपूर्ण कोशेढुङ्गा मनोनयन दाखिला पार गर्न सफल भएको उल्लेख गर्नुभएको छ । उहाँले भन्नुभएको छ, "निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र विश्वसनीय वातावरणमा सम्पन्न गर्न नेपाल सरकार पूर्ण इमान र सामर्थ्यका साथ लागिपरेको यहाँहरूलाई पुनः स्मरण गराउँछु, सुरक्षा व्यवस्थामा कत्ति पनि सम्झौता गरिने छैन, हाम्रा सबै सुरक्षा संयन्त्रहरू उच्च सतर्कता र व्यावसायिक मनोबलका साथ परिचालित छन् ।"

प्रतिनिधिसभाको १६५ पदका लागि ३ हजार ४०० भन्दा बढी उम्मेदवारहरूले मनोनयन दर्ता हुनु लोकतान्त्रिक विश्वासप्रति प्रगाढ विश्वासको प्रमाण भएको उल्लेख गर्दै उहाँले नेपाली जनता लोकतान्त्रिक प्रणालीलाई सुदृढ बनाउन सचेत र सक्षम छन् भन्ने आजको राष्ट्रिय उत्साहले पुनः पुष्टि गरेको बताउनुभएको छ ।

निर्वाचन प्रक्रियामा देखिएको यस उत्साह र प्रतिबद्धताले राजनीतिक वृत्तमा मात्र नभइ निजी क्षेत्र र समग्र अर्थतन्त्रमासमेत सकारात्मक ऊर्जा सञ्चार गरेको बताउँदै उहाँले अब मुलुकबाट अन्योल र अनिश्चितताको अवस्था पूर्णतः अन्त्य भएको छ । सिङ्गो राष्ट्र निर्वाचनको महाकुम्भमा होमिएको उल्लेख गर्नुभएको छ ।

उहाँले भन्नुभएको छ, "निर्वाचन कार्यतालिका बमोजिम अहोरात्रखटिएर आफ्नो जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरेकामा निर्वाचन आयोगलाई नेपाल सरकारको तर्फबाट धन्यवाद दिन चाहन्छु, साथै, यो लोकतान्त्रिक अभ्यासलाई सफल पार्न राजनीतिक दल, नागरिक समाज र सञ्चार माध्यमको रचनात्मक भूमिकाको अपेक्षा गर्दछु ।" प्रधानमन्त्री कार्कीले दिगो लोकतान्त्रिक स्थायित्वका लागि सबै नेपाली दिदीबहिनी तथा दाजुभाइलाई निर्वाचनमा सक्रिय र संयमसाथ सहभागी हुन हार्दिक अपिल पनि गर्नुभएको छ ।

# टिपर दुर्घटनामा चालकको मृत्यु

**पोखरापत्र संवाददाता**
तनहुँ, ६ माघ

यहाँको शुक्लागण्डकी नगरपालिका-१ कोत्रेस्थित भित्री सडकमा मंगलबार बिहान टिपर दुर्घटना हुँदा गोरखाको बारपाक सुलीकोट गाउँपालिका-६ ताकुकोटका ४२ वर्षीय टिपर चालक रामबहादुर गुरुङको मृत्यु भएको छ । कोत्रे बाट थप्रेकतर्फ जाँदै गरेको ग १ क ६४८५ नम्बरको गिटी बोकेको टिपर अनियन्त्रित भइ सडकबाट अन्दाजी ५० मिटर तल खस्दा चालक घाइते भएका थिए । उनको जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा उपचारका क्रममा बिहान १०:५६ बजे मृत्यु भएको प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले बताउनुभयो ।

# शिक्षामन्त्री पुनद्वारा राजीनामा

**रासस**
काठमाडौं, ६ माघ

नेपालको संविधानबमोजिम शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले पदबाट राजीनामा दिनुभएको छ ।

मन्त्री पुनले सोमबार साँझ प्रधानमन्त्री सुशीला कार्कीसमक्ष राजीना पेस गर्नुभएको प्रधानमन्त्रीका प्रेस सल्लाहकार रामबहादुर रावलले जानकारी दिनुभयो । यसअघि ऊर्जा, सिँचाइ तथा जलस्रोतमन्त्री कुलमान घिसिङ, सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल र युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले पनि आ-आफ्ना पदबाट राजीनामा दिनुभएको छ ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१८४, ९८४४३११९०६, ९८९३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानापन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिस्टर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिवार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिलास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । –गीता

## सम्पादकीय

# चुनावमा होमियो मुलुक

प्रतिनिधिसभा सदस्य निर्वाचनका निम्ति मंगलबार देशभर मनोनयन दर्ता भएको छ । प्रतिनिधिसभाको प्रत्यक्षतर्फ १६५ पदका लागि स्वतन्त्रसहित विभिन्न राजनीतिक दलबाट मनोनयन दर्ता भएको छ । निर्वाचन आयोगको प्रारम्भिक सूची अनुसार, देशभर ३४ सय ८४ जनाले उमेदवारी दर्ता गराएका छन् । जसमा ३९५ महिला, तीन हजार ८८ पुरुष र अन्य एक उमेदवार छन् । राजनीतिक दलको तर्फबाट दुई हजार २९७ जनाले उमेदवारी दर्ता गराएका छन् । जसमा २३५ महिला र दुई हजार ६४ छन् । त्यस्तै, एक हजार १८७ जनाले स्वतन्त्र उमेदवारी दिएका छन् । त्यस्तै, उमेरगत रूपमा २५ देखि ३५ वर्षसम्म ५८३, ३६ देखि ५० वर्षसम्म एक हजार ६१०, ५१ देखि ६५ वर्षसम्म एक हजार ९० र ६५ देखिमाथि २०१ जनाले उमेदवारी दिएको आयोगले जनाएको छ ।

देशभर उमेदवार मनोनयन गर्ने राजनीतिक दलको संख्या ६८ वटा छन् । भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि बनेको पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले चुनाव गराउँछ कि गराउँदैन भन्ने गहिरो संशयको बादल मंगलबारको उल्लासमय उम्मेदवारी दर्तासँगै हटेको छ । आन्दोलनपछि देखिएको अन्योल, अविश्वास र आशंका चिर्दै भएको उम्मेदवारी दर्ताले जनताको मतबाट मात्र धेरै प्रश्नको उत्तर खोज्न सकिन्छ भन्ने देखाएको छ । सबै राजनीतिक दलहरूको चुनावी प्रक्रियामा सक्रिय सहभागिताले राजनीतिक असहमति, आन्दोलन र असन्तोषको निकास विध्वंस होइन मतपेटिका हो ।

मिलनविन्दु खोज्ने ठाउँमा ल्याइपुऱ्याएको छ । सबै राजनीतिक शक्ति एउटै प्रतिस्पर्धी मैदानमा उभिएका छन् । जनताका सामु आफ्ना एजेन्डा राखेर परीक्षणका लागि तयार भएका छन् । नेपालमा लोकतन्त्रको लागि लडेका दल र नेताको भूमिकाका कारण आन्दोलनका नाममा शक्ति हत्याउनेले पनि जनतामा तयार हुनु लोकतन्त्रको सुन्दरता हो । आन्दोलन, आलोचना र असहमतिको अन्तिम परीक्षा चुनावी मैदानमै हुने लोकतान्त्रिक विधिलाई स्वीकार्दै सबै दलहरू चुनावी अभियानमा होमिएका छन् ।

यो प्रक्रियालाई संशय र अवरोधका बीच यहाँसम्म ल्याउन सरकार, राजनीतिक दल, नागरिक समाज, निर्वाचन आयोग, कर्मचारी प्रशासन लगायत छिमेकी र मित्रहरूको भूमिका छ। जेनजी आन्दोलनपछि उत्पन्न राजनीतिक र संवैधानिक संकट कसरी पार लाग्छ भन्ने सर्वत्र चिन्ता थियो । मतपेटिकाबाट प्राप्त जनादेश नै अब परिवर्तनको वैधानिक बाटो हुनेछ । यसले नै मुलुकलाई संवैधानिक बाटोमा ल्याउने छ । चुनाव नभएर लोकतान्त्रिक प्रक्रिया नै अवरुद्ध हुने हो कि वा नेपाल पनि बंगलादेश जस्तै अस्थिरताको बाटोमा धकेलिने हो कि भन्ने जस्ता अफवाहले आम नागरिकलाई समेत सताएको थियो । तर १६५ वटै निर्वाचन क्षेत्रमा भएको सफल उम्मेदवारीले नागरिकमा बचेखुचेको भय पनि हटाइदिएको छ । नेपाल अब त्यस्तो अनिश्चित दिशातर्फ नजाने अवस्था सिर्जना भएको छ ।

यस चुनावी मनोनयनको अर्को महत्वपूर्ण र स्वागतयोग्य पक्ष भनेको कुनै पनि ठूला राजनीतिक दलहरूले चुनावअघि घोषित रूपमा गठबन्धन नगर्नु पनि हो । उनीहरू आआफ्नै एजेन्डा, संगठन र समर्थकको मतबाट परीक्षणमा उत्रन तयार देखिएका छन् । चुनाव अघिको गठबन्धन नरुचाएकै कारण पुराना दल र तीनका नेताहरूप्रति आक्रोश पैदा भएको हो।सधैं पुरानाले मिलिजुली खान्छन भन्ने भाष्य बनाईएको छ।दलहरु आफ्नो एजेन्डा लिएर जनतामा जाने हो।जनतालाई दलको एजेन्डा र नीति बताउने हो।यो अवसर यो चुनावले दिएको छ।एकाध बाहेक सबै ठाउँमा मनोनयन शान्तिपूर्ण भएको छ।यो अवस्था मतदानका दिनसम्म कायम राख्न सकेमा भदौ २३ र २४ को जेनजी आन्दोलनबाट बनेको सुशीला कार्की नेतृत्वको सरकारले निष्पक्ष, स्वच्छ र भयरहित वातावरणमा निर्वाचन गराउन दबाब पुग्नेछ ।

# एलायन्स क्लव,अब पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, ६ माघ

एसोसियसन अफ एलायन्स क्लव अन्तराष्ट्रिय, अब पोखरामा पनि गठन हुने भएको छ ।

भारतको नयाँ दिल्लीमा मुख्य कार्यालय रहेको यस क्लव डिष्ट्रिक १०५५ नेपालको पोखरामा शुभारम्भ सहित पदस्थापन हुन लागेको डिष्ट्रिक गभर्नर थिरबहादुर थापाले जानकारी दिए । डिष्ट्रिक १०५ साउथ मल्टिपल स्पोन्सर रहेको उक्त क्लवको पदस्थापन यही माघ ९ गते शुक्रबार पर्स्याङ स्थित ताज महल ईभेन्ट सेन्टरमा हुने बताईएको छ । कार्यक्रममा क्लवका ईन्टरनेशनल प्रेसिण्डेन्ट राजकुमार सक्सेना, फाउण्डर प्रेसिण्डेन्ट तिरुपति वुढाराजु, भाईस प्रेसिण्डेन्ट राजेश्वर राव, डिष्ट्रिक १०५ साउथ मल्टिपलका डिष्ट्रिक गभर्नर उषरानी अटलुरी लगायतकाको सहभागिता रहने भाईस डिष्ट्रिक गभर्नर डा. लक्ष्मण तिमिल्सीनाले बताए ।

कार्यक्रमको सम्पुर्ण तयारी पुरा भएको डिष्ट्रिक गभर्नर थापाले बताए । अहिले क्लव सदस्यको दर्ता प्रक्रिया चलिरहेको बताईएको छ । कार्यक्रममाकाठमाण्डौं, तनहुँ,कास्की लगायतका क्षेत्रबाट एलायन्स सदस्यले सहभागिता जनाउने छन् । यो नेपालमा पहिलो पुर्ण डिष्ट्रिक हुने थापाले जानकारी दिए । मानविय तथा सामाजिक कार्यमा क्रियाशील क्लवको यस कार्यक्रमले पोखराको पर्यटन प्रवद्धनमा समेत महत्वपुर्ण भुमिका खेल्ने बताईएको छ । यस डिष्ट्रिक मार्फत पोखरामा करिव ४० वटा क्लव गठन गरिने कुन्दनराज शर्माले जानकारी दिए। क्लवले भारतका विभिन्न ठाउँमा जेष्ठ नागरिक केन्द्र, क्यान्सर केयर हस्पिटल, बालबालिका हेरचाह केन्द्र लगायतका सामाजिक सेवा संचालन गरेको छ ।

# बसको ठक्करबाट एक पैदलयात्रीको मृत्यु

**पोखरापत्र संवाददाता**
तनहुँ, ६ माघ

पृथ्वी राजमार्गअन्तर्गत यहाँको म्याग्दे गाउँपालिका-६ मा बसको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ ।

दमौलीबाट पोखरातर्फ जाँदै गरेको बाग्मती प्रदेश ०१-००६ ख ६८१४ नम्बरको बसले ठक्कर दिँदा सोमबार सा'झ एक पैदलयात्री घाइते भएका थिए । उनको उपचारको क्रममा मंगलबार बिहान मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो ।

अन्दाजी २५/३० वर्षीय पुरुषको हालसम्म नाम, थर र वतन खुलेको छैन । उनी विगत २-३ दिनदेखि अकला मन्दिर परिसरमा देखिँदै आएका थिए । दुर्घटनापछि घाइतेलाई तत्काल उपचारका लागि गण्डकी अस्पताल पोखरा पठाइएको थियो ।

बस चालक चितवन, इच्छाकामना गाउँपालिका-६ कालीखोला बस्ने ३८ वर्षीय मनबहादुर गुरुङलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# महावीर पुनद्वारा स्वतन्त्र उम्मेदवारी दर्ता

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ माघ

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीको पदबाट राजीनामा दिनुभएका महावीर पुनले गृहजिल्ला म्याग्दीमा प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आज स्वतन्त्र उम्मेदवारी दर्ता गराउनुभएको छ ।

म्याग्दीको बेनीस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयमा मङ्गलबार सबैभन्दा पहिले पुनले मनोनयनपत्र दर्ता गर्नुभएको हो । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-८ नागी घर भएका पुनले अन्तरिम सरकारको शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री पदबाट राजीनामा दिएर स्वतन्त्र उम्मेदवारी दर्ता गराउनुभएको हो ।

विद्यमान अव्याहारिक नीति, नियम र कानुनलाई परिमार्जन गरेर सुशासन, रोजागरी सिर्जना र समृद्धिका लागि आफू स्वतन्त्र उम्मेदवार बनेको पुनले बताउनुभयो ।

# जोमसोमका पानीघट्ट स्तरोन्नति

**रासस**
मुस्ताङ, ६ माघ

घरपझोङ गाउँपालिका-४ जोमसोममा वर्षौंदेखि प्रयोगविहीन अवस्थामा रहेको पानीघट्टको मर्मतसम्भार तथा स्तरोन्नति गरिएको छ ।

यहाँका महिलाहरूको नेतृत्व विकास गर्दै आदिवासी तथा परम्परागत प्रविधिको संरक्षण गरी जलवायु समानुकूलित गराउने उद्देश्यले यहाँका जीर्ण पानीघट्ट र भौतिक संरचना पुनर्निर्माण गरिएको हो । क्यानेडाली सरकार (सिएफएलआई) को आर्थिक सहयोगमा अन्तरराष्ट्रिय प्रकृति संरक्षण कोष नेपाल (आइसीयुएन)ले यहाँस्थित पानीघट्टको मर्मतसम्भार तथा स्तरोन्नति योजना कार्यान्वयनमा ल्याएको हो । यसका लागि घरपझोङ गाउँपालिका, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) र जोमसोम महिला समूहको सहकार्यमा स्थानीय महिला समूहले परम्परागत प्रयोगविहीन पानीघट्टको मर्मतसम्भार तथा स्तरोन्नति गरेको अन्तरराष्ट्रिय प्रकृति संरक्षण कोष नेपालका कार्यक्रम निर्देशक युवराज गुरागाईंले जानकारी दिनुभयो । निर्देशक गुरागाईंका अनुसार जोमसोमका जीर्ण पानीघट्ट मर्मतसम्भार तथा स्तरोन्नतिका लागि स्थानीय महिला उपभोक्ता समितिमार्फत कार्यान्वयन हुनेगरी रु नौ लाख ३४ हजारमा निर्माण सम्पन्न भएको बताउनुभयो ।

सदियौँ वर्ष पहिले पुर्खाहरूले निर्माण गरेका परम्परागत पानीघट्ट यहाँको प्राचीन संस्कृति र ऐतिहासिक धरोहर भएकाले यस प्रकारका प्रविधिलाई कालान्तरसम्म जोगाएर राख्नुपर्ने जोमसोम महिला समूहकी अध्यक्ष भुवन शेरचनले बताउनुभयो ।

आधुनिक प्रविधि युगमा मानिसहरू छिटोछरितो रूपमा काम गर्न चाहने भए पनि यहाँको पानीघट्टको मौलिक र विशिष्ट पहिचान रहेको अध्यक्ष शेरचनले बताउनुभयो । समूहकी अध्यक्ष शेरचनले विकास र पूर्वाधार निर्माण ठूलो नभई संरक्षण र संवर्द्धनको पाटो महत्त्वपूर्ण भएकाले पानीघट्टको इतिहासलाई जीवित राख्नुपर्ने आवश्यकता रहेको औंल्याउनुभयो । प्रयोगविहीन अवस्थाका पानीघट्ट मर्मत तथा स्तरोन्नतिले जोमसोमका करिब दुई सय घरपरिवार प्रत्यक्ष लाभान्वित हुने घरपझोङ गाउँपालिकाका उपाध्यक्ष जमुना थकालीले बताउनुभयो । तत्कालीन समयमा यहाँ विद्युतीय सुविधा र आधुनिक उपकरणको प्रयोग नहुँदा पुर्खाहरूले पानीघट्टमा अन्नबाली पिसेर खाने गरेका थिए । यहाँ दातृ निकायको सहयोगबाट जोमसोम पानीघट्टको पुरानो भौतिक संरचना पुनर्निर्माण, घट्टका लागि पानी सञ्जय गर्ने ड्याम निर्माण र घट्टका लागि चाहिने आवश्यक उपरकणको व्यवस्थापन गरिएको समिति अध्यक्ष थकालीले बताउनुभयो । घट्टमा पिसेको पीठो स्वादिलो, पोषिलो र लामो समयसम्म टिकाउ हुने भएकाले निकै उपयोगी मानिएको छ । घट्ट मर्मत तथा स्तरोन्नतिसँगै यहाँका नागरिकले उवा, जौँ, फापर, मकै, गहुँ र फापरको सुकेको पात (ढाप्रा) लगायत परम्परागत बाली पिसेर पीठो बनाउन प्रचलन छ ।

पछिल्लो समय प्रविधिको विकाससँगै यहाँका पानीघट्ट लोपोन्मुख अवस्थामा रहेको एक्याप जोमसोमका कार्यालय प्रमुख राजेश गुप्ताले जानकारी दिनुभयो । मुस्ताङका अधिकांश स्थानमा पानीघट्ट संस्कृति हराउँदै गइरहेको अवस्थामा एक्यापलगायत सङ्घसंस्थाले पानीघट्ट संस्कृति जोगाउन काम गरिरहेको प्रमुख गुप्ताको भनाइ छ । घट्ट संरक्षणले स्थानीय किसानलाई राहत पुगेको र यसले संस्कृतिको संरक्षण तथा पर्यटन प्रवर्द्धनमा पनि टेवा पुग्ने विश्वास गरिएको छ ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १८ पोखरावेसी धारापानी मार्ग सुवेदी समाज घर अगाडि बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः सुवेदी समाज घर अगाडि बाटो निर्माण
ठेगानाः पोखरा-१८, पोखरावेंशी धारापानी मार्ग
आम्दानी तर्फः रु.४,००,०००।-
जनसहभागिताः रु.४४,४४५।-
जम्माः रु.४,४४,४४५।-
खर्च तर्फ निर्माण सामग्री खरिद गिट्टी, बालुवा, वोल्डर रु.१,५०,०००।-
सिमेन्ट रड रु.२,२२,३००।-
कामदार ज्यालाः रु.७२,४८५।-
अन्यः रु १६,४२४
जम्मा खर्च रु.४,६१,२०९।-
उपभोक्ता समिति अध्यक्षः वलराम सुवेदी,
सचिवः ठाकुर प्रसाद सुवेदी

**सुवेदी समाज घर अगाडि बाटो निर्माण**
**उपभोक्ता समिति पोखरा-१८**

**गण्डकी प्रदेश सरकार**
**उद्योग तथा पर्यटन मन्त्रालय र**
**सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय**
**एकीकृत सेवा कार्यालय, कास्की**

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मितिः- २०८२/१०/०७ गते ।

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८२/८३ को वार्षिक कार्यक्रम अन्तर्गत सन्चालित उद्योग प्रर्वधनका लागि साझेदारीमा उद्यमीलाई उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रमका लागि उद्यमी छनौट गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक उद्यमीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिएका कागजातसहित तोकिएको ढाँचामा यस कार्यालयमा रितपूर्वक प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

प्रस्तावसँग संलग्न राख्नुपर्ने कागजातहरु

१) अद्यावधिक रहेको उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपी
२) स्थायी लेखा नम्बर प्रमाणपत्र र आ.व. २०८१/८२ को करचुक्ता
३) अघिल्ला ५ वर्षमा कुनै पनि कार्यालयवाट अनुदान प्राप्त नगरेको स्वघोषणा
४) व्यावसायिक योजना
५) उद्योग संचालनमा रहेको व्यहोरा खुलाइ बडाको सिफारिस

पुनश्चः प्रस्ताबको निवेदन कार्यालयमा उपलब्ध हुनेछ । छनौट भएका उद्यमीलाई अधिकतम एक लाखमा निजले माग गरेको प्रविधिको कुल ५० प्रतिशतसम्मको लागत कार्यालयले अनुदान दिई उपकरण उपलब्ध गराइनेछ ।

कार्यालय प्रमुख

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : मानसिक तनाब |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : झमेला बढ्ने |
| ककर्ट | : सत्कार मिल्नेछ | मकर | : शुभ यात्रा |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : शारीरिक झमेला | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

**गण्डकी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**मातृशिशु मितेरी प्रादेशिक अस्पताल**
**पोखरा**

## बोलपत्र आव्हान सम्बन्धी सूचना

आ.व. ०८२/८३ को लागि यस अस्पतालमा Medicine & Surgical Supply को विद्युतिय माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक योग्य फर्म/संस्थाबाट बोलपत्र पेश गर्न सबैको जानकारीका लागि मिति २०८२/१०/०७ गते प्रथम पटक यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र आव्हान सम्बन्धी बिस्तृत जानकारीका अस्पतालको वेभसाईट https://mmph.gandaki.gov.np तथा e–GP पोर्टलबाट प्राप्त गर्न सकिने छ ।

अस्पताल प्रमुख

# पर्यटकको रोजाइमा रत्नेचौर

**रासस**
म्याग्दी, ६ माघ

बेनी नगरपालिका-१ रत्नेचौर पछिल्लो समय आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको छ । केही वर्षअघिसम्म रातो माटो र कृषि उत्पादनमा आश्रित रत्नेचौर पर्यटकीय गाउँका रूपमा चिनिन थालेको छ। कात्तिकदेखि माघसम्म यहाँ आन्तरिक तथा बाह्य पर्यटकको लर्को लाग्ने गर्दछ।

कार्तिक-मङ्सिरमा रत्नेचौरको फाँटमा फुलेका धानसँगै पृष्ठभूमिमा धवलागिरि हिमाल, म्याग्दी, बागलुङ र पर्वतका ग्रामीण भेगको दृश्यावलोकन तथा पुस-माघमा पर्हेलै फुलेको तोरीको आकर्षक दृश्य हेर्दै रमाउन र वनभोज खानका लागि यहाँ पर्यटकको भीड लाग्ने गर्छ । सदरमुकाम बेनी र बागलुङको बीचमा रहेको रत्नेचौरको तोरी बारीमा रमाउँदै टिकटक र भिडियो बनाउन आउनेहरूको चहलपहल बढेको स्थानीय शङ्कर महतले बताउनुभयो । “चार वर्षअघिसम्म सुनसान हुने यो ठाउँमा अहिले दैनिक दुई हजार जनासम्म पर्यटक आएका छन्”, उहाँले भन्नुभयो, “पर्यटकको चहलपहलले व्यापार वयवसाय र आर्थिक गतिविधि बढेको छ ।”उत्तरतिर हेर्दा चाँदीझैँ टल्किने सेता हिमशृङ्खला, पूर्वतर्फ मोहोडा भएको समथर फाँटमा पर्हेलै भएर फुलिरहेको तोरी र फाँटको बीचमा चिटिक्क परेको कालोपत्र सडकमा रमाउन पर्यटक आउने गरेका हुन् ।

अहिले पर्हेलपुर तोरीबारीले रत्नेचौर झकिझकाउ बनेको छ । उत्तरतर्फ मनोरम धवलागिरि हिमशृङ्खलाको दृश्य, हरियाली फाँट र तोरी फुलेर पर्हेलपुर वातावरणले यस क्षेत्रको प्राकृतिक सुन्दरतालाई थप निखार दिएको कुश्माबाट आएका सागर भट्टराईले बताउनुभयो ।

रत्नेचौरबाट संसारको सातौँ अग्लो धवलागिरि हिमाल (आठ हजार १६७ मिटर) स्पष्ट देखिन्छ । यस्तै, समथर भूभागमा फुलेका तोरीबारीसँगै बेनी-बागलुङ सडकखण्डको कालोपत्र गरिएको चिल्लो सडकले थप आकर्षण प्रदान गरेको छ । तोरीबारीमा मौरी र भमरा रस चुस्दै गरेका रमाइला दृश्यले गाउँलाई जीवन्त बनाएको छ । बारीको छेउकुना तथा सडकको दायाँबायाँ मानिस तोरीबारी र हिमाल हेर्दै रमाइरहेका देखिन्छन्। पहेलैं फुलेको तारीको बीचबीचमा हुकैंदै गरेको गहुँको हरियालीले यहाँ आउने सबैको ध्यान खिचेको छ । रत्नेचौर फाँटमा गहुँ र तोरी झुलिरहेको छ । झुलिरहेको गहुँ र तोरीको सौन्दर्यमा युवायुवती र सर्वसाधारण टिकटक बनाउन, नाच्दै रमाउन व्यस्त छन्। शुक्रबार, शनिबार र सार्वजनिक बिदामा अन्य दिनमा भन्दा बढी भीड लाग्ने गरेको स्थानीय युवा कुशल शर्माले बताउनुभयो । पर्यटकको भीडले गर्दा तोरी र गहुँबालीमा क्षति हुने गरेको स्थानीयवासीले गुनासो पनि गरेका छन् । तोरी र गहुँको खेतभित्र नपसिदिन पनि स्थानीयको आग्रह छ ।

रत्नेचौर र बागलुङको कुडुले (फेदी) जोड्ने तीन सय ८८ मिटर लामो झोलुङ्गे पुल पनि यहाँ आउने पर्यटकका लागि अर्को आकर्षण बनेको छ । वरिपरिको हरियाली तथा मुसुक्क मुस्कुराइरहेको धवलागिरि हिमालको दृश्यका साथै समथर फाँटको पर्हेलपुर तोरीले पर्यटन प्रवर्द्धन गर्नुका साथै स्थानीयको व्यापारमा पनि सघाएको वडाध्यक्ष टेकबहादुर थापाले बताउनुभयो । रत्नेचौरको प्रचारप्रसार र संस्कृति संरक्षण गर्ने उद्देश्यले यही माघ १६ गते एकदिने बृहत् सांस्कृतिक कार्यक्रम आयोजना गरिएको छ । स्वदेश तथा विदेशमा रहेका रत्नेचौरवासीबाट सहयोग जुटाएर लोकगायक गायिकाहरूको उपस्थितिमा सांस्कृतिक कार्यक्रम गर्न लागिएको स्थानीय अगुवा नेत्र महतले जानकारी दिनुभयो ।

पर्यटकहरूले मगर, क्षेत्री, थकाली, ब्रह्माणलगायत जातजातिको पोशाक लगाएर तस्बिर, भिडियो खिच्ने गर्दछन् । पर्यटकहरूलाई जातजातिको मौलिक पोशाक भाडामा लगाएर स्थानीयले आम्दानी गरेका हुन्। तोरीबारीमा मौलिक पोशाक लगाएर तस्बिर खिच्ने र सामाजिक सञ्जालमा राख्ने भिडियो बनाउने गरेका व्यवसायी रामकृष्ण पुनले बताउनुभयो । एक जोडा पोशाक एक घण्टा प्रयोग गरेबापत रु दुई सयदेखि तीन सय ५० शुल्क लिने गरेको बताउनुभयो । “मसँग १५ जोड मगर ड्रेस छन्”, उहाँले भन्नुभयो, “दिनमा १० देखि १५ जनाले भाडामा लिनुहुन्छ ।” रेष्टुरेन्ट सञ्चालकसमेत रहेका थापाले पर्यटकको तस्बिरवर खिचिदिने पनि गर्नुभएको छ ।

एउटा तस्बिर खिचेबापत रु २० शुल्क लिने गरेको थापाले बताउनुभयो । रत्नेचौरमा महिला सहकारी संस्था र अन्य रेष्टरेन्ट तथा पसलहरूले पनि जातिय पोशाक भाडामा लगाउने गरेका छन् । आकर्षक देखिने भएकाले जातीय पोशाक पर्यटकहरूको रोजाइमा परेको हो । बागलुङबाट रत्नेचौर आएकी रश्मी रानाले मौलिक पोशाकमा सजिएर खिचेको तस्बिर र बनाएको भिडियो स्मरणयोग्य भएको बताउनुभयो । “तोरी र गहुँखेती भएको फाँटको बीचमा रहेको पक्की सडकमा मगर पोशाक लगाएर खिचेको फोटो र भिडियो आकर्षक देखियो”, उहाँले भन्नुभयो, “पृष्ठभूमिको धवलागिरि हिमाल र वरपरका मौलिक घरहरूले यहाँको दृश्यलाई क्यान्भासजस्तै बनाएको छ ।”

# साफ यू-१९ महिला फुटबल टोली घोषणा

**रासस**
काठमाडौं, ६ माघ

अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले पोखरामा हुने साफ यू-१९ महिला च्याम्पियनसिपका लागि आज २३ सदस्यीय नेपाली टोली घोषणा गरेको छ।

यही जनवरी ३१ देखि फेब्रुअरी ७ तारिखसम्म पोखरा रङ्गशालमा हुने च्याम्पियनसिपका लागि एन्फाले २३ सदस्यीय नेपाली टोलीको अन्तिम नामावली घोषणा गरेको हो ।

टोलीमा अलिजा विक, अनिता रानामगर, आशिका कार्की, माया मास्के, मीनमाया श्रेष्ठ, वर्षा कुँवर, वर्षा ओली, भूमिका बुढाथोकी, ज्ञान्सु डोल्मो लो, झर्ना डुम्राकोटी, जुना तामाङ, कृतिशा तामाङ, निर्मला आचार्य र प्रजिता राई छन् । यस्तै, पूर्णिमा ताडी, सारा लिम्बू, सवनम राई, सलोनीकुमारी चौधरी, सङ्गीतकुमारी मल्ल, सेनु पारियार, सृजना बडुवाल, सुशीला केसी र यमकुमारी विक पनि टोलीमा छन्।

प्रतियोगितामा नेपालसहित भारत, बङ्गलादेश र भुटान गरी चार राष्ट्रले प्रतिस्पर्धा गर्ने एन्फाले जनाएको छ।

# म्याग्दीमा उत्साहपूर्ण तवरले मनोनयन दर्ता

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ माघ

फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि म्याग्दीमा उत्साहपूर्ण तवरले मनोनयन दर्ता भएको छ।

विगतका निर्वाचनमा दलहरूले बाजागाजासहित मनोनयन दर्ता गर्ने गरेको भए पनि यस पटक निर्वाचन आयोगले गरेको निर्णयबमोजिम म्याग्दीका दलहरूले शान्त र मर्यादित तवरले उत्साहपूर्वक मनोनयन दर्ता गराएका छन्। मंगलबार बेनीस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयमा दलहरूलाई दिइएको मनोनयन दर्ताको समयमा पार्टीका नेताहरूले कार्यकर्ताको साथमा पुगेर उम्मेदवारी दर्ता गराउनुभएको छ । म्याग्दीबाट प्रतिनिधिसभामा मुख्य राजनीतिक दलका साथै स्वतन्त्रबाट समेत उम्मेदवारी दर्ता भएको छ । सुशीला कार्की नेतृत्वको सरकारमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रहनुभएका महावीर पुनले पदबाट राजीनामा दिएर स्वतन्त्र उम्मेदवारी दर्ता गराउनुभएको छ।

जिल्लामा नेकपा (एमाले)बाट हरिकृष्ण श्रेष्ठ, नेपाली कांग्रेसबाट कर्णबहादुर भण्डारी (केबि), नेपाली कम्युनिष्ट पार्टीबाट अर्जुन थापा, राष्ट्रिय स्वतन्त्र पार्टीबाट युवराज रोका मगर, नेकपा (माओवादी) बाट ध्रुव घिमिरे, राप्रपाबाट डम्बर सुवेदी, श्रम संस्कृति पार्टीबाट विनोद राना मगर, मङ्गोल नेशनल अर्गनाइजेशनबाट भीमबहादुर लामा र राष्ट्रिय जनमोर्चाबाट छवि विश्वकर्माले उम्मेदवारी दिनुभएको छ।

यस पटक जिल्लामा दलहरू गठबन्धन नगरीकन चुनावमा होमिएको र स्वतन्त्रबाट समेत चर्चित व्यक्तित्वबाट मनोनयन दर्तासँगै अन्य उम्मेदवारहरू नयाँ र युवा उम्मेदवारहरू भएकाले समेत प्रतिस्पर्धामा उत्रिएकाहरूबीच रोचक प्रतिस्पर्धा हुने आकलन गरिएको छ । आगामी निर्वाचनका लागि म्याग्दीमा कूल ८६ हजार ३९७ मतदाता कायम भएका छन् । एक नगरपालिका र पाँच गाउँपालिकामा समेटिएको प्रतिनिधिसभामा एक निर्वाचन क्षेत्र रहेको म्याग्दीमा अन्य एक जना, महिला ४४ हजार ६४ र पुरुष ४२ हजार ३३२ मतदाता रहेका छन् । निर्वाचनका लागि जिल्लामा ८२ वटा मतदानस्थल र १२० मतदान केन्द्र कायम गरिएको छ।

## भाटभटेनी व्यापारिक भवनको वातावरणीय प्रभाव मूल्याङ्कनको प्रतिवेदन तयारीको सार्वजनिक सुनुवाईको सूचना

**(प्रथम पटक प्रकाशित सूचना: मिति २०८२/१०/०७ गते)**

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं २९ तालचोकमा भाटभटेनी सुपर मार्केट एण्ड डिपार्टमेन्टल स्टोर प्रा. लि. द्धारा ब्यापारिक भवनको कार्यान्वयन गरीन लागेको छ।

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | भाटभटेनी सुपर मार्केट एण्ड डिपार्टमेन्टल स्टोर प्रा. लि.<br>बागमती प्रदेश, काठमाण्डौं जिल्ला, काठमाण्डौं-५, नक्साल, भाटभटेनी<br>ईमेलः sparkconstruction2069gmail.com, फोन नं.: ९८५१२८४९०१ |
| प्रस्तावको व्यहोरा | गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं २९ तालचोकमा कित्ता नम्बर ५७७२, ६३८६, ६०९३, ९६३२, ९६३०, १३२१९, १३२२०, १३३३६, १३३३१, १३३१०, ५७६९, ५७७०, ९६३३, १२६०८, १३६२, १२६१० लगायतको ६१६८.०५ वर्ग मि. को जग्गामा बन्न लागेको भाटभटेनी ब्यापारिक भवनमा बेसमेन्ट बाहेक ६ तल्लाहरु रहने छन् । यस भवनको कूल निर्माण क्षेत्रफल १३,२१८.०५ वर्ग मि. हुनेछ भने उचाई २४ मिटर हुनेछ। |
| प्रभाव पर्न सक्ने जिल्ला स्थानीय तह | पोखरा महानगरपालिका वडा नं २९ तालचोक |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन सम्बन्धी क्षेत्र निर्धारण गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका वडा कार्यालय, विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सातदिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिन हुन अनुरोध गरिन्छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **भाटभटेनी सुपर मार्केट एण्ड डिपार्टमेन्टल स्टोर प्रा. लि.**<br>**गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका-२९, तालचोक**<br>**ईमेलः** sparkconstruction2069gmail.com **फोन नं.:** ९८५१२८४९०१ |
| **परामर्शदाताको नाम र ठेगाना** | **देउराली कन्सल्टिङ इन्जिनियर्स प्रा.लि., गण्डकी प्रदेश, पोखरा-३१, नेपाल**<br>**ईमेलः** deuralicon37@gmail.com, **फोन नं:** ९८५१०७३७४५ |

## तपशिल बमोजिमका ऋणी सदस्यहरूलाई ऋण चुक्ता गर्न आउने बारे २१ दिने सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/०८/१०)**
**(दोस्रो पटक प्रकाशित मिति २०८२/१०/०७)**

यस बिरुवा बचत तथा ऋण सहकारी संस्था लि. बाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज तथा अन्य दे-दस्तुर समयभित्र नतिरी, नबुझाई संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र मौखिक, लिखित, एस.एम.एस, टेलिफोन मार्फत पटक-पटक कर्जा भुक्तानी गर्न तर-ताकेता गरिएको भएतापनि कर्जा चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल नगरेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः सामाजिक प्रतिष्ठा र प्रचलित ऐन कानुनको ख्याल गरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज तथा अन्य दे-दस्तुर रकम बुझाउनुहुन अनुरोध गरिन्छ । यो सूचनाको वेवास्था गरेमा सहकारी ऐन, सहकारी नियमावली तथा प्रचलित कानुन बमोजिम धितो लिलामी प्रकृया अगाडि बढाइने र धितो नपुग हुने देखिएमा थप धितो तथा हक लाग्ने अन्य जाय जेथाको खोजी गरि रोक्का राखि कर्जा सूचना केन्द्र तथा ऋण असुली न्यायाधिकरणमा विवरण पठाई कानुन बमोजिम कारबाही अगाडि बढाउन संस्था तथा संचालक समिति बाध्य हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपशिल :**

| ऋणी तथा धनजमानतको नाम थर | धन जमानी दिनेको बिवरण |
|---|---|
| **ऋणीको नाम : प्रेम बहादुर गुरुङ**<br>नागरिक्ता नं. : ७९३४७ कास्की<br>बाबु : पतिको नाम : जस बहादुर<br>बाजे : ससुराको नाम : लक्ष्मण<br>स्थायी ठेगाना : कृस्ती-४, कास्की<br>हालको ठेगाना : पोखरा २१, कास्की | **धन जमानी दिनेको नाम : निशा गुरुङ**<br>नागरिकता न : ५८६/०६२ कास्की<br>बाबु /पतिको नाम : प्रेम बहादुर गुरुङ<br>बाजे / ससुराको नाम : जस बहादुर<br>स्थायी ठेगाना : कृस्ती-४, कास्की<br>हालको ठेगाना : पोखरा २१, कास्की |
| **ऋणीको नाम : लेख बहादुर गुरुङ**<br>नागरिकता नं. : ७९३४८ कास्की<br>बाबु / पतिको नाम : जस बहादुर<br>बाजे / ससुराको नाम : लक्ष्मण<br>स्थायी ठेगाना : कृस्ती-४, कास्की<br>हालको ठेगाना : पोखरा २१, कास्की | **धन जमानी दिनेको नाम : प्रेम बहादुर गुरुङ**<br>नागरिकता नं. : ७९३४७ कास्की<br>बाबु/ पतिको नाम : जस बहादुर<br>बाजे / ससुराको नाम : लक्ष्मण<br>स्थायी ठेगाना : कृस्ती-४, कास्की<br>हालको ठेगाना : पोखरा २१, कास्की |
| **ऋणीको नाम : पार्वती गुरुङ**<br>नागरिक्ता नं. :१८१ कास्की<br>बाबु /पतिको नाम : जस बहादुर<br>बाजे /ससुराको नाम : लक्ष्मण<br>स्थायी ठेगाना : कृस्ती-४, कास्की<br>हालको ठेगाना : पोखरा २१, कास्की | **धन जमानी दिनेको नाम : प्रेम बहादुर गुरुङ**<br>नागरिक्ता नं. :७९३४७ कास्की<br>बाबु /पतिको नाम : जस बहादुर<br>बाजे / ससुराको नाम : लक्ष्मण<br>स्थायी ठेगाना : कृस्ती-४, कास्की<br>हालको ठेगाना : पोखरा २१, कास्की |
| | **धन जमानी दिनेको नाम : बिकास गुरुङ**<br>नागरिकता न :७८५, कास्की<br>बाबु /पतिको नाम : जित बहादुर गुरुङ<br>बाजे /ससुराको नाम : छामु गुरुङ<br>स्थायी ठेगाना : पोखरा १७, कास्की<br>हालको ठेगाना : पोखरा १७, कास्की |
| **ऋणीको नाम : केदार गुरुङ**<br>नागरिकता नं. : १५८७७० कास्की<br>बाबु/पतिको नाम : बुद्धिराज गुरुङ<br>बाजे/ससुराको नाम : लाल बहादुर<br>स्थायी ठेगाना : कृस्ती-४, कास्की<br>हालको ठेगाना :पोखरा २१, कास्की | **धन जमानी दिनेको नाम: प्रेम बहादुर गुरुङ**<br>नागरिकता नं. :७९३४७ कास्की<br>बाबु/पतिको नाम : जस बहादुर<br>बाजे/ससुराको नाम : लक्ष्मण<br>स्थायी ठेगाना : कृस्ती-४, कास्की<br>हालको ठेगाना : पोखरा २१, कास्की |
| | **धन जमानी दिनेको नाम : संगिता गुरुङ**<br>नागरिकता नं. :४६-०१-७०-०९९८८ कास्की<br>बाबु/पतिको नाम : केदार गुरुङ<br>बाजे/ससुराको नाम : बुद्धिराज गुरुङ<br>स्थायी ठेगाना : कृस्ती-४, कास्की<br>हालको ठेगाना : पोखरा २१, कास्की |
| | **धन जमानी दिनेको नाम : राम बहादुर गुरुङ**<br>नागरिकता नं. :५४८५ कास्की<br>बाबु/पतिको नाम : हिरामानी गुरुङ<br>बाजे/ससुराको नाम : खड्क बहादुर<br>स्थायी ठेगाना : कृस्ती-४, कास्की<br>हालको ठेगाना : पोखरा २१, कास्की |
| **ऋणीको नाम : मनोजराज आचार्य**<br>नागरिकता नं. : १२७७५६<br>बाबु/पतिको नाम : लिलाराज<br>बाजे/ससुराको नाम : बेणिमाधव<br>स्थायी ठेगाना : भरतपोखरी -९, कास्की<br>हालको ठेगाना : पोखरा -३३, कास्की | **धन जमानी दिनेको नाम : अप्सरा पौडेल**<br>नागरिकता न :४६३००४/२४८<br>बाबु/पतिको नाम : मनोजराज आचार्य<br>बाजे/ससुराको नाम : लिलाराज<br>स्थायी ठेगाना : निर्मलपोखरी -८, कास्की<br>हालको ठेगाना : पोखरा -३३, कास्की |

नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्वारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ। अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ।

**बिरूवा बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा-१७ कास्की**
**फोन: ०६१-४५६५७७, ४५६५८२**